(संवत् २०८० साल चैत मसान्तसम्म भएका संशोधन मिलाइएको)

# निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३

| लालमोहर सदर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| २०१३।१०।१२ | २०१३।१०।२२ |

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| १. केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० | २०२०।११।१६ |
| २. निकासी पैठारी (नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०२९ | २०२९।६।५ |
| ३. निकासी पैठारी (नियन्त्रण) (दोस्रो संशोधन) ऐन, २०४६ | २०४६।६।११ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ४. निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३≺ | २०६३।८।८ |
| ५. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६← | २०६६।१०।७ |
| ६. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० | २०८०।१२।३० |

२०१३ सालको ऐन नं. १६

2......................

निकासी पैठारी मनाही वा नियन्त्रण गर्नको निमित्त बनेको ऐन

⇨निकासी पैठारी मनाही वा नियन्त्रण गर्ने अधिकार व्यवस्थित गरी शान्ति र व्यवस्था कायम राख्न आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेकोछ ।

---

≺ यो ऐन संवत् २०६३ साल असोज ५ गते देखि लागू भएको ।

← यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

⇨ केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० द्वारा संशोधित ।

(संवत् २०८० साल चैत मसान्तसम्म भएका संशोधन मिलाइएको)

१. संक्षिप्त नामः यस ऐनको नाम "निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३" रहेकोछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "निकासी" भन्नाले नेपाल राज्यबाहिर मालसामानहरु निकासी गर्ने काम सम्झनु पर्छ ।

(ख) "पैठारी" भन्नाले नेपाल राज्यभित्र मालसामानहरु पैठारी गर्ने काम सम्झनु पर्छ ।

(ग) "सूचित आदेश" भन्नाले नेपाल राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्छ ।

(घ) "प्रकाशित" भन्नाले नेपाल राजपत्रमा प्रकाशित सम्झनु पर्छ ।

f३. निकासी पैठारी मनाही वा नियन्त्रण गर्ने नेपाल सरकारको अधिकारः (१) देहायको उद्देश्य प्राप्तिको लागि कुनै वस्तुको निकासी वा पैठारीमा मनाही वा नियन्त्रण गर्न आवश्यक छ भन्ने लागेमा नेपाल सरकारले सूचित आदेशद्वारा त्यस्तो वस्तुको निकासी वा पैठारीमा शर्त वा निश्चित अवधि तोकी वा नतोकी मनाही गर्न वा पूर्ण वा परिमाणात्मक बन्देज लगाउन सक्नेछः–

(क) सुरक्षा सम्बन्धी राष्ट्रिय हितको संरक्षण गर्न,

(ख) सार्वजनिक सदाचार, शिष्टाचार वा नैतिकता कायम राख्न,

(ग) सुन, चाँदी वा त्यस्तै अन्य धातु वा बहुमूल्य जवाहिरातको व्यापारलाई व्यवस्थित गर्न,

(घ) मानव, पशु, पंछी वा वनस्पति जीवनको स्वास्थ्यमा प्रतिकूल हुने कार्यबाट संरक्षण गर्न,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

f निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

(ङ) कारागारका थुनुवा वा कैदीहरुको श्रमबाट उत्पादित वस्तुहरुको पैठारी सम्बन्धमा उचित व्यवस्था गर्न,

(च) कलात्मक, ऐतिहासिक वा पुरातात्विक महत्वका राष्ट्रिय सम्पदाको संरक्षण गर्न,

(छ) लोप हुन सक्ने प्राकृतिक स्रोतको (घरेलु उत्पादन वा उपयोग समेतमा बन्देज गरी) संरक्षणको उचित व्यवस्था गर्न,

(ज) प्रतिस्पर्धात्मक क्षमता हुन सक्ने राष्ट्रिय प्रशोधन उद्योगको लागि आवश्यक पर्ने घरेलु कच्चा पदार्थको उपलब्धतालाई सुनिश्चित गर्न,

(झ) स्थानीयस्तरमा न्यून आपूर्ति भएका वस्तुको प्राप्ति तथा वितरणको लागि उचित व्यवस्था गर्न,

(ञ) विदेशी मुद्राको मौज्दातमा हुन सक्ने गम्भीर ह्रासको अवस्थालाई हटाउने वा रोक्ने वा अत्यन्त न्यून अवस्थामा रहेको विदेशी मुद्राको सञ्चितिमा वृद्धि गर्ने गरी मुलुकको बाह्य वित्तीय स्थिति र भुक्तानी सन्तुलनको सुरक्षा गर्न,

(ट) अत्यावश्यक खाद्य सामग्री वा त्यस्तै प्रकारका अन्य उत्पादनको गम्भीर अभाव हुनबाट रोक्न,

(ठ) अन्तर्राष्ट्रिय व्यापारमा उपभोग्य सामग्रीको वर्गीकरण, स्तर निर्धारण वा बजारीकरणका मापदण्ड कायम गर्न,

(ड) अतिकम विकसित मुलुकको लागि वैदेशिक व्यापारमा प्रदान गरिएका छुट वा सहुलियतको उपभोग गर्न,

(ढ) अप्रत्यासित रुपमा ठूलो मात्रामा पैठारी भएका वस्तुबाट त्यस्तै प्रकृतिका वस्तु उत्पादन गर्ने राष्ट्रिय

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

उद्योगलाई पर्न सक्ने गम्भीर प्रतिकूल असरबाट संरक्षण गर्न,

(ण) पेटेण्ट, ट्रेडमार्क, प्रतिलिपि अधिकार, औद्योगिक डिजायन, भौगोलिक पहिचान (जिओग्राफिकल इण्डिकेशन), गोप्य सूचनाको संरक्षण जस्ता बौद्धिक सम्पत्तिको संरक्षण गर्न,

(त) देशको प्रतिस्पर्धात्मक क्षमता वृद्धि हुने खालका नयाँ शीप वा प्रविधियुक्त उद्योगको प्रवर्द्धन वा संरक्षण गर्न,

(थ) अस्वस्थ वा अनधिकृत व्यापारिक क्रियाकलापलाई रोक लगाउन वा अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न,

(द) संयुक्त राष्ट्र संघको वडापत्र तथा नेपाल पक्ष भएको बहुपक्षीय अन्तर्राष्ट्रिय महासन्धि वा द्विपक्षीय सम्झौता कार्यान्वयन गर्न तथा सोबाट सृजित दायित्व पुरा गर्न ।

(२) उपदफा (१) बमोजिम कुनै वस्तुको निकासी वा पैठारीमा लगाएको बन्देज कायम राखी राख्न आवश्यक छैन भन्ने लागेमा नेपाल सरकारले सोको आधार र कारण खुलाई सूचित आदेशद्वारा त्यस्तो बन्देज जुनसुकै बखत हेरफेर गर्न, परिवर्तन गर्न वा हटाउन सक्नेछ ।

[*]३क. <u>व्यापार सहजीकरण तथा पारदर्शिता इकाईको गठन</u>: (१) अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण तथा पारदर्शिता कायम राख्न देहाय बमोजिमको व्यापार सहजीकरण तथा पारदर्शिता इकाई रहनेछः-

| | | | |
|---|---|---|---|
| (क) | नेपाल सरकारको वाणिज्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव | - | संयोजक |
| (ख) | डेपुटी गभर्नर, नेपाल राष्ट्र | - | सदस्य |

[*] सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा थप।

| | | | |
|---|---|---|---|
| | बैङ्क | | |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय | - | सदस्य |
| (घ) | सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - | सदस्य |
| (ङ) | महानिर्देशक, भन्सार विभाग | - | सदस्य |
| (च) | महानिर्देशक, आन्तरिक राजस्व विभाग | - | सदस्य |
| (छ) | महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | - | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको व्यापार सहजीकरण तथा पारदर्शिता इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) व्यापारमा पारदर्शिता कायम गर्न स्थापित अन्तरदेशीय निकायसँग समन्वय गर्ने,

(ख) सीमापार व्यापार व्यवसायसँग सम्बन्धित मूल्य, मात्रा, विवरण, कागजात वा सम्बन्धित विषयको यथार्थ मूल्याङ्कनका लागि अन्य देशका व्यापार नियमन तथा पारदर्शिता कायम राख्न स्थापित निकायसँग सूचना आदानप्रदान गर्ने,

(ग) खण्ड (क) बमोजिम समन्वय र खण्ड (ख) बमोजिम सूचना आदानप्रदान गर्दा कुनै कैफियत पाइएमा कारबाहीको लागि सम्बन्धित निकाय वा सम्बन्धित मुलुकमा लेखी पठाउने,

(घ) सीमापार व्यापार व्यवसायमा पारदर्शिता कायम गर्न, गराउन आवश्यक मापदण्ड बनाई लागू गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) सीमापार व्यापार व्यवसायसँग सम्बन्धित सूचना, विवरण तथा कागजात सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(च) उपयुक्त विधि र सफ्टवेयरको माध्यमबाट व्यापारजन्य क्रियाकलापको अनुगमन गर्ने, गराउने,

(छ) एक्जिम कोड वा त्यस्तै प्रकृतिका व्यावसायिक कागजातमा आवश्यक सर्त राख्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ज) व्यापार पारदर्शिता सम्बन्धी नियममा तोकिए बमोजिमका अन्य काम गर्ने।

(३) व्यापार सहजीकरण तथा पारदर्शिता इकाईले आफ्नो कार्यसम्पादनको सिलसिलामा आवश्यक पर्ने कागजात तथा विवरण माग गरेमा त्यस्तो कागजात तथा विवरण उपलब्ध गराउनु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य हुनेछ।

४. <u>नियम बनाउने नेपाल सरकारको अधिकारः</u> (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्नको निमित्त नेपाल सरकारले नियम बनाउन सक्तछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी नेपाल सरकारले देहायका विषयहरुमा नियम बनाउन सक्तछः–

(क) निकासी पैठारीको इजाजतपत्र जारी गर्न र इजाजतपत्रको ढाँचा,

(ख) सो इजाजतपत्र प्राप्त गर्न पेश गर्नु पर्ने दरखास्त र प्रमाणहरु,

(ग) इजाजतपत्र दस्तुर,

(घ) इजाजतपत्र प्रदान गर्ने अधिकारीहरु मुकरर गर्ने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ङ) इजाजतपत्र पाउनेहरु र इजाजतपत्रको परिमाण निर्धारित गर्ने,

(च) बिना इजाजतपत्र निकासी पैठारी गर्न पाउने सहुलियत प्रदान गर्ने,

(छ) निकासी पैठारी गर्दा इजाजतपत्र देखाउने,

📖(ज) इजाजतपत्र बहाल रहने अवधि तोक्ने र अवधि समाप्त भएको इजाजतपत्रको म्याद बढाउने,

📖(झ) इजाजतपत्र खारेज गर्न वा स्थगित हुन सक्ने अवस्था,

📖(ञ) इजाजतपत्र बमोजिम निकासी पैठारी भएको वस्तुहरुको तोकिए बमोजिमको तथ्याङ्क वा विवरण दाखिला गराउने।

✻५. <u>दण्ड सजाय:</u> (१) यो ऐन वा यस ऐन अन्तर्गतको सूचित आदेश बमोजिम नियन्त्रण वा मनाही गरिएको वस्तु वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निकासी वा पैठारी गर्न जारी गरिएको इजाजतपत्रमा तोकिएको वस्तु वा त्यसको मूल्य वा परिमाणमा मनासिब कारण बिना फरक पारी कसैले कुनै वस्तु निकासी वा पैठारी गरेमा त्यसरी निकासी वा पैठारी गरेको वस्तु जफत गरी निजलाई सो वस्तुको मूल्य बराबर जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) उपदफा (१) बमोजिम सजाय हुने कार्यमा सहयोग पुऱ्याउने व्यक्तिलाई सोही उपदफामा उल्लिखित सजायको आधा सजाय हुनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक इजाजतपत्र प्राप्त गर्नको लागि कसैले जानी जानी झुट्टा वा किर्ते प्रमाण वा विवरण पेश गरेमा वा जारी भएको इजाजतपत्रमा अनाधिकृत तवरले थपघट वा केरमेट गरेमा वा इजाजतपत्र जारी गर्ने कार्यालयको काम कारबाहीमा

---

📖 पहिलो संशोधनद्वारा थप ।

✻ दोस्रो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बाधा पुऱ्याएमा त्यस्तो व्यक्तिलाई इजाजतपत्र जारी गर्ने अधिकारप्राप्त अधिकारीले दुई हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) उपदफा (१), (२) र (३) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु बर्खिलाप अन्य कुनै काम कुरा गर्नेलाई इजाजतपत्र जारी गर्ने अधिकारप्राप्त अधिकारीले एक हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(५) इजाजतपत्र जारी गर्ने अधिकार प्राप्त अधिकारीले यस दफा बमोजिम सजाय पाउने व्यक्तिलाई एक वर्ष देखि तीन वर्षसम्मको लागि निकासी पैठारी गर्ने इजाजतपत्र जारी नगर्न वा जारी गरिएको इजाजतपत्र रद्द गर्न सक्नेछ ।

✂६. <u>मुद्दा हेर्ने अधिकार र पुनरावेदनः</u> दफा ५ को उपदफा (१) र (२) बमोजिमको कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित भन्सार अधिकृतलाई हुनेछ र निजको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ।

📖६क. <u>जाहेरवालालाई पुरस्कार दिनेः</u> यो ऐन वा यस ऐन अन्तर्गत जारी गरिएको सूचित आदेशको बर्खिलाप कसैले कुनै वस्तुको निकासी वा पैठारी गरेको कुरामा कसैले जाहेर गरी कारबाही चल्दा त्यस्तो काम कुरा गरेको प्रमाणित भएमा सम्बन्धित वस्तुको मोलको सयकडा ✂<u>तीस प्रतिशत</u>ले हुने रकम पुरस्कार स्वरुप त्यस्तो जाहेरवालालाई दिइनेछ ।

तर, जाहेर गर्नु पर्ने मुनासिव कारण वा आधार भै कारबाही चलेकोमा बाहेक दुःख दिने वा रीस इबी साध्ने नियतले मात्र झुट्टा कुराको जाहेर गरेको ठहरेमा त्यस्तो झुट्टा कुरा जाहेर गर्ने व्यक्तिलाई दुई सय रुपैयाँ देखि पाँच सय रुपैयाँसम्म जरिबाना हुनेछ ।

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

📖 पहिलो संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

७. <u>असर नपार्ने:</u> यो ऐन जारी हुनुभन्दा अगावै नेपाल सरकारले कुनै वस्तु वा वस्तुहरुमा लगाई राखेको प्रतिबन्धको खारेजी वा संशोधनको सूचना नभएसम्म कायम रहनेछ ।

८. <u>खारेजी:</u> यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएका कुराहरुसँग बाझिने जति सबै ऐन सवाल सनद खारेज भएको वा यस ऐनसँग मिल्ने गरी संशोधित भएको मानिनेछ ।

---

<u>द्रष्टव्य:</u>- (१) निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ को दफा ५ यस प्रकार रहेकोछः-

५. <u>निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ निष्क्रिय भएपछि त्यसको परिणाम:</u> निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,-

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजाय सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र सो अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

(२) निकासी पैठारी (नियन्त्रण) (दोस्रो संशोधन) ऐन, २०४६ को दफा ५ निम्न बमोजिम रहेको छः-

"५. <u>रुपान्तर:</u> मूल ऐनमा प्रयोग भइरहेको "लाइसेन्स" भन्ने शब्दको सट्टा "इजाजतपत्र" भन्ने शब्द राखी रुपान्तर गरिएकोछ ।"

(३) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(संवत् २०८० साल चैत मसान्तसम्म भएका संशोधन मिलाइएको)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय